१६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**उपभोक्ता अधिकारको रक्षा गरौं ।**

- उपभोक्तालाई आधारभूत वस्तु र सेवाको सूचना, पहुँच, छनोट, सुनुवाईको अधिकार हुन्छ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने,
- गुणस्तरहीन वस्तु र सेवाबाट हानी पुगेमा क्षतिपूर्ति पाउने हक हुन्छ।

उपभोक्ता हकको रक्षा गरौं, विश्व उपभोक्ता दिवस भव्यरुपमा मनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : ५३ ॥ २०८० चैत्र १६ गते शुक्रबार (29th Mar 2024 Friday) | **Pratidin** National Daily | मूल्य-रु.५/-

# भत्केको लालकिल्ला पुनर्स्थापित गर्ने ओलीको दाबी



झापा(प्रस)। नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले देशभर लालकिल्ला स्थापित गर्नुपर्ने बताएका छन्। एमाले झापाको ११औं अधिवेशनको बिर्तामोडमा उद्घाटन गर्दै अध्यक्ष ओलीले देशभर नै लालकिल्ला बनाउनुपर्ने बताएका हुन् । उनले झापा जिल्ला २०४८ सालदेखि नै लालकिल्ला भएकाले लालकिल्लैको रुपमा रहने दाबी गरे। उनले लालकिल्लामा कसैलाई हात हाल्न दिन नहुने बताए।

उनले लालकिल्लामा हात हाल्ने कुचेष्टा नगर्न चेतावनीसमेत दिए। उनले झापाबाट गल्तीले जितेर गएकाहरुको भूमिका कामै नलाग्ने रहेको बताए।

उनले भने, 'झापा लालकिल्ला हो, लालकिल्ला रहनुपर्छ। आजको होइन हो, यो ०४८ सालको शुरुको लालकिल्ला हो। यो लालकिल्लामा कसैलाई हात हाल्न दिनु हुँदैन। हात हाल्ने कुचेष्टा नगरे हुन्छ। यो लालकिल्ला हो, लालकिल्ला रहन्छ। गल्तीले जितेर गएकाहरुको भूमिका हेर्नुस् त कस्तो छ?'

अध्यक्ष ओलीले 'मिसन ८४' पार्टीको अर्जुनदृष्टि भएको बताए । उनले आगामी आम निर्वाचनमा एमालेले एक्लै सरकार चलाउन पुग्नेगरी बहुमत ल्याउन 'मिसन ८४'लाई अर्जुनदृष्टि बनाइरहेको दावी गरे ।

ओलीले वर्तमान सत्ता समीकरण देश विकासका लागि भएको दावीसमेत गरे । यसअघि नेकपा एमालेलाई एक्ल्याउन र अघि बढ्न नदिन कांग्रेसले स्वार्थको गठबन्धन गरेको उनको आरोप थियो ।कांग्रेसको गठबन्धन भत्कनै पर्ने जनाउँदै पुरानो गठबन्धन भत्किएपछि एमालेले परिस्थिति सम्हालेको उनको भनाई थियो ।

कार्यक्रममा पार्टीका उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, स्थायी कमिटी सदस्य अमृतकुमार बोहोरा र झापा इञ्चार्ज विशाल भट्टराईले मन्तब्य राखेका थिए । पार्टीका जिल्ला उपसचिव असारु राजवंशीले स्वागत गरेको कार्यक्रममा कार्यवाहक जिल्ला अध्यक्ष प्रेम गिरीले अध्यक्षता गरेका थिए । पार्टीले विभिन्न कालखण्डमा पार्टीको नेतृत्व हाँकेका र योगदान पुर्याएका अग्रज नेताहरुलाई सम्मान गरेको छ ।

सम्मानित हुनेहरुमा पार्टीकी उपाध्यक्ष एवम् पूर्वमुख्यमन्त्री अष्टलक्ष्मी शाक्य, पार्टीका स्थायी कमिटी सदस्य अमृतकुमार बोहोरा, झापा विद्रोहका अगुवा नेता नरेश खरेल, कालिदास श्रेष्ठ, शोभा कुँवर, पृथ्वी मैनाली, सुमित्रा प्रसाई, सावित्रा खड्का, अन्तलाल धिमाल, जानुका सिटौलालगायत छन् ।त्यस्तै युवा वैज्ञानिक सबिन बाँस्कोटा, लाहा उद्योगी डम्बरकुमार विश्वकर्मा, झापा इनर्जीका सञ्चालक एलपी साँवा र तारा नमस्ते बालआश्रमका अध्यक्ष नारायणप्रसाद पोखरेलसमेत सम्मानित भएका छन् ।

जिल्ला सचिव शिव ढुङ्गेलले सञ्चालन गरेको उद्घाटन सत्रमा पार्टीका केन्द्रीय कमिटी उपाध्यक्ष एवम् पूर्व गृहमन्त्री रामबहादुर थापालगायत केन्द्रीय सदस्य, स्थायी कमिटी सदस्यहरू, पोलिटव्युरो सदस्यहरू, प्रदेश कमिटीका पदाधिकारीलगायत सदस्यहरू,जिल्ला, प्रदेश, नगर कमिटीलगायतका नेता कार्यकर्ताको उल्लेख्य सहभागिता रहेको थियो ।अधिवेशनले नयाँ नेतृत्व चयन गर्ने छ । पालिकाबाट ४३० जना, जनसंगठनहरूबाट ८९ जना, मजदुरबाट ३० जना, सल्लाहकारहरू २५ जना, सम्पर्क मञ्चबाट ५ जना र आयोजक १६९ जना एवम् मनोनित प्रतिनिधिहरू ३८ जना गरी ७८६ जनाले अधिवेशनमा सहभागिता जनाएका छन् । एमाले झापाको अध्यक्षमा प्रेम गिरी र शिव ढुंगेल आकांक्षी रहेका छन् ।

# वनबाट उत्पादित बेसारको बजारीकरण गरिने

झापा (प्रस)।सामुदायिक वन उपभोक्ता समूहहरूले उत्पादन गरेको अर्गानिक बेसार (हल्दि) को बजार प्रवर्धन गरिने भएको छ । सामुदायिक वन उपभोक्ता महासंघ झापाले बेसारको बजार प्रवर्धनका लागि पहल थालेको हो । त्यसक्रममा बिहीवार सर्वपक्षीय अन्तरक्रिया कार्यक्रम गरिएको थियो। कार्यक्रममा उद्योगी , व्यवसायी ,जनप्रतिनिधि ,वन पदाधिकारीलगायतले बेसारको बजार प्रवर्धन कसरी गर्ने भन्ने विषयमा आ-आफ्ना धारणा प्रस्तुत गरेका छन् । भद्रपुरका दियालो, दशरथपुर, विशाल र कमलधाप रामपोखरी, हल्दिबारीका पाथीभरा कालिका र रातमाटे यसैगरी कचनकवलका दुर्गाभिट्ठा र त्रिवेणी सामुदायिक वन समूहमा कृषि वनअन्तर्गत बेसार उत्पादन गर्दै आएका छन्। बेसारलाई सब्जी मसलाका साथै औषधिको रुपमा प्रयोग गरिँदै आएको छ ।प्रत्येक घरमा हरेक दिन प्रयोग हुने बेसार बिदेशबाट लाखौको आयात हुँदा यहि उत्पादन भएको बेसारले बजार पाउन मुश्किल परिरहेको छाभारतबाट मिसावट भएको बेसार सस्तो रूपमा नेपाल भित्रिनाले पनि यहाँको बेसार अलिकति महंगो हुन गएको व्यापारीहरू बताउँछन्

आम उपभोक्ताहरुलाई सस्तोभन्दा पनि गुणस्तरको बारेमा बुझाउन आवश्यक रहेको सबैको साझा धारणा रहेको थियो।

बेसारमा विशेष गरी सेतो पिठो मिसाइएको पाउने भएकाले त्यसको प्रयोगको मात्रा सब्जीमा धेरै लाग्ने तर अर्गानिक बेसार थोरै प्रयोग हुने हुँदा यो विषय आम उपभोक्तालाई बुझाउन सके मूल्य खासै फरक नपर्ने निष्कर्ष निस्केको थियो।

अर्गानिक रूपमा उत्पादन गरिएको बेसारको प्रचार प्रसार तथा बजार प्रवर्धन गर्न सबैले आ-आफ्नो क्षेत्रबाट पहल गर्ने प्रतिबद्धता जनाएका थिए।

कार्यक्रममा हल्दिबारी गाउँपालिका अध्यक्ष रविन्द्रप्रसाद लिङ्देनले हल्दिबारी गाउँपालिका सामुदायिक वन समूहले गरेका यस्ता कार्यक्रममा सहकार्य गर्न तयार रहेकाले समूहहरूले बेलैमा कार्यक्रम माग गरे नीति तथा कार्यक्रममा समावेश गर्न सकिने बताए।यसैगरी कचनकवल गाउँपालिका उपाध्यक्ष नवराज भट्टराईले रैथाने बाली संरक्षण तथा कृषकहरूको जिविकोपार्जनमा जोडिएको बेसारलाई बजारीकरण र उत्पादनमा जोड दिन कचनकवल गाउँपालिकाले सकेको सहयोग र सहकार्य गर्ने प्रतिबद्धता जनाए ।

❖ बाँकी तेस्रो पृष्ठमा

# राष्ट्रियसभा उपाध्यक्ष अर्यालले दिइन् राजीनामा



झापा(प्रस)। राष्ट्रियसभाका उपाध्यक्ष उर्मिला अर्यालले पदबाट राजीनामा दिएकी छिन् । बिहीवार राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाललाई उनले राजीनामा दिएकी हुन् ।

सत्ता गठबन्धन दलको सहमति अनुसार राष्ट्रियसभाको अध्यक्ष माओवादी केन्द्रले पाउने र उपाध्यक्ष एमालेले पाउने समझदारी बनेको थियो ।

माओवादीबाट दाहाल अध्यक्ष बनेपनि उपाध्यक्ष अर्यालले पदबाट राजीनामा दिएकी हुन् ।

# रास्वपाले मिलन लिम्बूलाई उम्मेदवार बनाउने



झापा(प्रस)। राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)ले इलाम-२ मा हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनमा मिलन लिम्बूलाई उम्मेदवार बनाउने भएको छ । रास्वपा केन्द्रीय निर्वाचन आयोगका सचिव भूमिनन्द बराललले इलाम-२ मा लिम्बूसहित ६ जनाले उम्मेदवार बन्ने आकांक्षा देखाए पनि बाँकी ५ जनाले लिम्बूलाई समर्थन गर्ने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

बिहीवार काठमाडौंको चःमतिस्थित केन्द्रीय कार्यालयमा भएको छलफलमा ५ जना उम्मेदवारले लिम्बूलाई समर्थन गर्दै उम्मेदवारी फिर्ता लिएका हुन् । प्रतिनिधिसभातर्फ इलाम निर्वाचन क्षेत्र-२ र प्रदेशसभातर्फ बझाङको निर्वाचन क्षेत्र-१ (१) मा वैशाख १५ मा उपनिर्वाचन हुन लागेको हो । एमालेका उपाध्यक्ष एवं संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङको गत भदौ २६ मा निधन भएपछि इलाम-२ रिक्त थियो ।

त्यस्तै बझाङमा कांग्रेसबाट निर्वाचित प्रदेश सांसद पृथ्वीबहादुर सिंहको गत असार २५ मा निधन भएकाले रिक्त भएको थियो ।

❖ बाँकी तेस्रो पृष्ठमा

# राप्रपाबाट लक्ष्मी गुरूङ उम्मेदवार

झापा(प्रस)। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले इलाम क्षेत्र नम्बर २ मा लक्ष्मी गुरूङलाई उम्मेदवार बनाउने निर्णय गरेको छ।

पार्टी केन्द्रीय कार्यालय धुम्बाराहीमा बिहीवार बसेको संसदीय बोर्ड बैठकले गुरूङलाई उम्मेदवार बनाउने निर्णय गरेको प्रवक्ता मोहन श्रेष्ठले जानकारी दिए।

इलाम २ मा वैशाख १५ गते उपनिर्वाचन हुँदैछ। यही चैत २४ गते उम्मेदवारको



मनोनयन दर्ता गर्ने कार्यतालिका निर्वाचन आयोगको छ।

राप्रपा युवा नेता गुरूङले पार्टीको शिक्षा विभागमा रहेर काम गर्दै आएका थिए। उनी राप्रपानिकट राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठनका पूर्वउपाध्यक्ष हुन्।

# आठ महिनामा १३ अर्ब बढीको पेट्रोलियम पदार्थ आयात

• **लक्ष्मी उप्रेती**

मेचीनगर । नेपालमा बर्सेनि पेट्रोलियम पदार्थको माग घट्न थालेको छ। पेट्रोलियम पदार्थको मूल्य नेपाल र भारतमा झण्डै बराबरजस्तै हुनु तथा नेपालमा विकास निर्माणको काम कम हुँदा खपत घटेको हो ।

गत आर्थिक वर्ष ०७९-०८० को फागुन मसान्तसम्मको तुलनामा चालु आर्थिक वर्ष २०८०-०८१ को सोही अवधिमा पेट्रोलियम पदार्थको खपत घटेको मेची भन्सार कार्यालय काँकरभिट्टाले जनाएको छ। भन्सार अधिकारीका अनुसार पूर्वीनाका भएर भित्रिने पेट्रोल, डिजेल, एलपी ग्यास तथा मट्टितेलको आयात चालु आर्थिक वर्षको शुरुदेखि नै घट्दो क्रममा रहेको थियो ।

चालु आर्थिक वर्ष २०८०-०८१ को पहिलो आठ महिनामा यो नाका भएर १३ अर्ब ३३ करोड १६ लाख ३३ हजार रुपैयाँ मूल्य बराबरको पेट्रोलियम पदार्थ (पेट्रोल,डिजेल, एलपी ग्यास तथा मट्टितेल) आयात भएको कार्यालयको अभिलेखले देखाएको छ ।



प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मीका अनुसार गत आर्थिक वर्ष २०७९-०८० को सोही अवधिमा १४ अर्ब ६२ करोड ४३ हजार रुपैयाँ मूल्य बराबरको पेट्रोलियम पदार्थ (पेट्रोल,डिजेल, एलपी ग्यास तथा मट्टितेल) आयात भएको थियो । गत आवको तुलनामा चालु आवमा काँकरभिट्टा नाका भएर १ अर्ब २८ करोड ८४ लाख १० हजार कम मूल्य बराबरको पेट्रोलियम पदार्थ (पेट्रोल,डिजेल, एलपी ग्यास तथा मट्टितेल) आयात भएको हो ।

भन्सार कार्यालयका अनुसार आर्थिक वर्ष ०७९-८० को फागुनसम्ममा काँकरभिट्टा नाका भएर ६ अर्ब १३ करोड ९२ लाख ४७ हजार रुपैयाँ मूल्य बराबरको ६१ हजार ३ सय ५६ किलोलिटर पेट्रोल आयात भएको छ। तर, चालु आर्थिक वर्षमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३९ करोड ६ लाख १९ हजार रुपैयाँ कमको पेट्रोल आयात भएको छ। कार्यालयका अनुसार सो अवधिमा ६ अर्ब ९ करोड९६ लाख २८ हजार रुपैयाँ मूल्य बराबरको ६१ हजार २ सय ७२ किलोलिटर पेट्रोल आयात भएको छ।

यसैगरी, चालु आर्थिक वर्षको पहिलो आठ महिनामा काँकरभिट्टा नाका भएर ४ अर्ब ८७ करोड ६९ लाख ९६ हजार रुपैयाँ मूल्य बराबरको ४५ हजार १ सय ४० किलोलिटर मात्र डिजेल आयात भएको छ । जुन परिमाण अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ८५ करोड ४८ लाख २१ हजार रुपैयाँ कम हो । कार्यालयको अभिलेख अनुसार गत आर्थिक वर्षको फागुनसम्म यो नाका भएर ५ अर्ब ७३ करोड १८ लाख १७ हजार रुपैयाँ मूल्य बराबरको ४५ हजार ४ सय ८ किलोलिटर डिजेल आयात भएको थियो ।

गत आवको तुलनामा चालु आवमा हवाई इन्धनको आयात निराशाजनक छ । गत आवमा ८२ करोड ६१ लाख ५० हजार रुपैयाँ मूल्य बराबरको ६ हजार ८ सय २८ किलोलिटर हवाई इन्धन आयात भएकोमा चालु आवमा घटेर ५३ करोड ८६ लाख ६८ रुपैयाँमा सीमित हुन पुग्यो । चालु आवमा ४ हजार ९ सय १६ किलोलिटर हवाई इन्धन आयात भएको छ ।

गत आवको तुलनामा चालु आवमा हवाई इन्धन २८ करोड ७४ लाख ८२ हजार रुपैयाँ अर्थात १ हजार ९ सय १२ किलोलिटरले कम हो । यसैगरी, खाना पकाउने एलपी ग्यास अघिल्लो आवमा १ अर्ब ७५ करोड ९५ लाख ६६ हजार रुपैयाँ मूल्य बराबरको १ करोड ५५ लाख ७५ हजार ६ सय ६० केजी आयात भएको कार्यालयले जनाएको छ। चालु आवमा

❖ बाँकी तेस्रो पृष्ठमा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर), पेट, ग्याष्ट्रिक, अल्सर जन्डिस, हेपटाईटिस रोग
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, काठमाडौंबाट

**डा. दिपायन पाण्डे, MD**
विशेषज्ञ - छाला, यौन, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार

**डा. आलोक झा, MD**
विशेषज्ञ - मानसिक, नशा, रोग (बाल तथा किशोर मनोचिकित्सक)
समय: प्रत्येक महिनाको पहिलो शनिबार

**डा. केशव कु. मण्डल, MD**
विशेषज्ञ - नवजात शिशु तथा बाल रोग
समय: दैनिक सेवा

**डा. प्रेम ब. शाही, MS, FISS**
प्रमुख विशेषज्ञ - हाडजोर्नी, नशा तथा मेरूदण्ड सर्जन
समय: दैनिक सेवा

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
विशेषज्ञ - मधुमेह, थाइराईड, हर्मोन रोग । समय: दैनिक सेवा

**डा.धिरज ताम्राकार, MD**
विशेषज्ञ - आन्तरिक मेडिसिन तथा फिजिसियन । समय: दैनिक सेवा

**डा. धिरज गिरी, MS**
विशेषज्ञ - नाक, कान, घाँटी, टाउको रोग
समय: दैनिक सेवा

**प्रा. डा. अरूण सेढाई, MD, DM**
प्रमुख विशेषज्ञ - मृगौला (किड्नी), पिसाब रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
प्रमुख विशेषज्ञ - मेरूदण्ड (स्पाइन), गर्धन, कम्मर, नशा, ढाँड रोग/सर्जन
समय: प्रत्येक महिना विर हस्पिटलबाट

**डा. धर्मागत भट्टराई, MD, DM**
प्रमुख विशेषज्ञ - बाल बाथरोग, एलर्जी तथा रोग प्रतिरक्षा (इम्युनिटी) रोग
समय: प्रत्येक महिना इम्युनोकेयर सेन्टरबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
प्रमुख विशेषज्ञ - बाथरोग तथा (युरिक एसिड), जोर्नी रोग
समय: प्रत्येक महिना न्यूरो हस्पिटलबाट

स्वास्थ्य सेवामा सँगसँगै
जिवनरक्षा
**जिवनरक्षा पोलिक्लिनिक एण्ड डाइगोनोष्टिक सेन्टर प्रा. लि.**
बिर्तामोड-४, भद्रपुररोड, झापा (यामाहा शोरुम अगाडि)
जानकारीका लागि सम्पर्क
023-531242/023-591566
प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/फिजियोथेरापी/ विशेषज्ञ ओ.पि.डि.
हेल्थ प्याकेज/डेन्टल/डिजिटल एक्स-रे
9817094601

# कुम्भमेलामा तीस लाख पर्यटक भित्र्याउने लक्ष्य

झापा(प्रस)। सुनसरीको बराहक्षेत्र नगरपालिका-१ स्थित चतराधाममा यही चैत २७ देखि वैशाख २८ गतेसम्म महाकुम्भ मेला आयोजना हुने भएको छ ।

पूर्ण महाकुम्भ मेला मूल आयोजक समितिले बुधबार पत्रकार सम्मेलन गरेर यसपटकको मेलामा ३० लाख पर्यटक आउने आकलन गरेर सोहीअनुरुप व्यवस्थापन थालिएको जनाएको छ । आयोजक समितिका सहअध्यक्ष तथा बराहक्षेत्र नगरपालिकाका प्रमुख रमेश कार्कीले आन्तरिक तथा बाह्य पर्यटक गरी ३० लाख आउने अपेक्षा गरेर व्यवस्थापनका लागि विभिन्न २६ वटा उपसमिति गठन गरिएको बताए ।

कुम्भमेला प्रारम्भ हुनु पाँच दिन अघिदेखि मेला सम्पन्न भएको पाँच दिन पछिसम्म चतरा बजार क्षेत्रमा मदिरा र माछामासु बिक्रीमा प्रतिबन्ध लगाइने उनले बताए । उनले भने, "१२ वर्षमा लाग्ने पूर्णमहाकुम्भ मेलालाई सफल बनाउन कुम्भ क्षेत्रमा मदिरा र माछामासु नबेच्न अनुरोध गरेका छौं ।" उनले मेला अवधिभर घरआँगन सफा राख्न पुष्पयुक्त गमलाले पाहुनाको स्वागत गर्न प्रत्येक घरमुलीलाई अनुरोध गरेको तथा सम्भव भएसम्म 'होमस्टे'का रूपमा आफ्ना निवासलाई तयार गर्न आग्रह गरिएको बताए।

मेला मूल आयोजक समितिका उपाध्यक्ष बराहक्षेत्र- २ का वडाध्यक्ष होमप्रसाद गौतमले मेला तयारीसम्बन्धी ८० प्रतिशत काम सम्पन्न भएको जानकारी दिए । उनले कुम्भमेलाले बराहक्षेत्र र धरान तथा आसपासका क्षेत्रको धार्मिक पर्यटन विकासमा सहयोग पुग्ने बताए । हरेक १२ वर्षमा लाग्ने पूर्णमहाकुम्भ मेलाका बेला धरानको विजयपुरमा अवस्थित पिण्डेश्वर महादेवको दर्शन गर्न समितिले आग्रह गरेको छ ।भारतका चार स्थान इलाहावाद (उत्तर प्रदेश), उज्जैन (मध्य प्रदेश), नासीक (महाराष्ट्र) र हरिद्वार (उत्तराखण्ड)मा लामो समयदेखि कुम्भमेला आयोजना हुँदै आएको छ । बराहक्षेत्रमा भने २०५९ सालदेखि कुम्भमेला आयोजना हुन थालेको हो । यहाँ प्रत्येक ६ वर्षमा अर्धकुम्भ र १२ वर्षमा पूर्णमहाकुम्भ मेला लाग्ने गरेको छ । सप्तकोशी नदी किनारमा अवस्थित बराहक्षेत्र र धरानको पिण्डेश्वर धाम कुम्भमेलासँग जोडिएकाले यो क्षेत्रमा कुम्भमेला आयोजना हुँदै आएको बताइएको छ ।

# सरकारले तोक्यो चैते धानको मूल्य

झापा(प्रस) । सरकारले चैते धानको न्यूनतम समर्थन मूल्य



तोकेको छ । बिहीवार बसेको मन्त्रिपरिषद् बैठकले आर्थिक वर्ष २०८०/८१ को लागि १८ प्रतिशतसम्म चिस्यान भएको चैते धानको समर्थन मूल्य प्रतिक्विन्टल २ हजार ७ सय ७ रुपैयाँ २८ पैसा तोकेको हो ।

१८ प्रतिशतभन्दा बढी चिस्यान भएको चैते धानको हकमा १ प्रतिशत चिस्यानका लागि प्रतिक्विन्टल १२ सय ग्रामका दरले हुन आउने तौल घटाई कायम हुन आउने तौलका आधारमा मूल्य कायम गर्ने निर्णय गरिएको छ ।

# प्राधिकरणका तत्कालीन अध्यक्ष झा र खनालसहित २० जनाविरुद्ध मुद्दा दायर




झापा(प्रस) ।नेपाल टेलिकमको एमडीएमएस (मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम) को खरिद तथा उपकरण जडानमा अनियमितता गरेको आरोपमा दूरसञ्चार प्राधिकरणका तत्कालीन अध्यक्ष दिगम्बर झा र पुरूषोत्तम खनालसहित २० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले स्वीकृत गरेको भन्दा बढी रकममा एमडीएमएसको उपकरण खरिद गरी भ्रष्टाचार गरेको आरोपमा उनीहरूविरुद्ध बिहीवार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको हो। उनीहरूविरुद्ध ९१ करोड ९८लाख ३० हजार ८८२ बिगो माग गरिएको छ।

आयोगका अनुसार एमडीएमएस खरिद तथा उपकरण जडानमा अनियमितता गरेको पुष्टि हुन आएकाले प्राधिकरणका तत्कालीन अध्यक्ष झा, खनाल, पूर्व वरिष्ठ निर्देशक आनन्दराज खनालसहित २० जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो।

एमडीएमएसको खरिदमा अनियमिततामा मुछिएपछि तत्कालीन अध्यक्ष खनालले राजीनामा दिएका थिए। उनीहरूले एमडीएमएस खरिद प्रक्रियाको टेण्डर प्रक्रिया,परामर्शदाता छनौटलगायतका काममा भ्रष्टाचार गरेको अख्तियारको ठहर छ।

यसअघि प्रतिनिधिसभाअन्तर्गतको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिले प्राधिकरणबाट एमडीएससम्बन्धमा सुरूदेखि भएका नीतिगत निर्णय,खरिद प्रक्रिया भुक्तानी र कार्यान्वयनको औचित्यमाथि प्रश्न उठाउँदै कागजात झिकाएको थियो।

नेपाल दूरसंचार प्राधिकरणले उक्त सिस्टम २०७९ साल भदौ ३० गतेदेखि लागू गरेको थियो। नेपालमा भित्रिने मोबाइल फोनहरूको गैरकानुनी आयात रोक्न एमडीएमएस सिस्टम लागू गरेको थियो।

## एक्सेल डेभलपमेन्ट बैंक लि.

Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )

## शिलबन्दी दरभाउपत्र (कोटेशन) आह्वानको सूचना

(प्रथमपटक प्रकाशित मिति (२०८०।१२।१६)

यस बैंकले निम्न लिखित स्थानमा नयाँ शाखा सञ्चालन गर्ने भएकोले उक्त शाखा कार्यालयको आन्तरिक बनावट/सजावट सम्बन्धी कार्य गर्न इच्छुक कम्पनी/फर्मलाई तपशिलको शर्तहरुमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ । सो कार्यका लागि आवश्यक दरभाउ फारम यस बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा ईकाइ बिर्तामोड वा नजिकको शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

**शाखा कार्यालय निर्माण गर्नुपर्ने स्थान :**

१ संखुवासभा जिल्ला, खाँदवारी न.पा. वडा नं. १, खाँदवारी बजार

२ धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. ७ धनकुटा बजार

**शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी जानकारी :**

- उक्त कार्यका लागि प्रति दरभाउपत्र फारम रु. १,०००/- (अक्षरुपी रुपैयाँ एक हजार मात्र) (पछि फिर्ता हुने छैन) भुक्तानी गरी प्राप्त गर्न सकिनेछ ।
- यस बैंकले उपलब्ध गराएको दरभाउपत्र फारमको हरेक पानामा फर्म/कम्पनीको छाप तथा आधिकारिक दस्तखत गरी जम्मा लागत खर्च स्पष्टसंग अंक तथा अक्षर दुवैमा फरक नपर्ने गरी उल्लेख गर्नुपर्नेछ ।
- दरभाउपत्र फारम मिति २०८०।१२।३० गते अपरान्ह ३:०० बजे भित्र यस बैंकको सामान्य सेवा ईकाइमा पेश गरिसक्नु पर्नेछ ।
- प्राप्त भएको दरभाउपत्र फारमहरु मिति २०८१/०१/०२ गते, आइतवार अपरान्ह १:०० बजे बैंकको केन्द्रिय कार्यालयमा शिलबन्दी दरभाउपत्र पेश गर्ने फर्म/कम्पनीका प्रतिनिधि तथा बैंकका प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । यद्यपि दरभाउपत्र पेश गर्ने फर्म/कम्पनीका प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र फारम खोल्न बाधा पर्नेछैन । दरभाउपत्र बुझाउने अन्तिम दिन वा दरभाउपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट सोहि समयलाई उक्त समय मानिनेछ ।
- प्राप्त दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने तथा कारण जनाई वा नजनाई अस्विकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित रहनेछ ।
- रित नपुगी पेश भएका दरखास्त उपर कुनै पनि कार्वाही गरिने छैन ।
- अधिकतम लागत ईष्टमेट तपशिल बमोजिम रहेको ।

**तपसिल**

| सि.न. | कामको विवरण | अधिकतम लागत ईष्टमेट (भ्याट सहित) |
|---|---|---|
| १. | खाँदवारी शाखा कार्यालय भवनको फर्निसिङ्ग, पार्टेसन, रङ्गरोगन, बिजुली, प्लम्वीङ्ग तथा अन्य निर्माण तथा मर्मत सम्भार सम्बन्धि सम्पूर्ण कार्यहरु । | रु. १५,५०,०००/- |
| २. | धनकुटा शाखा कार्यालय भवनको फर्निसिङ्ग, पार्टेसन, रङ्गरोगन, बिजुली, प्लम्वीङ्ग तथा अन्य निर्माण तथा मर्मत सम्भार सम्बन्धि सम्पूर्ण कार्यहरु । | रु १६,५०,०००/- |

**दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा निम्न बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ :**

- दरभाउपत्रदाता फर्म/कम्पनीको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बरको प्रमाणपत्र लगायत सम्पूर्ण विवरण (Complete Profile) ।
- विगतमा दरभाउपत्रदाताबाट सम्पन्न गरिएका परियोजनाहरुको विवरण निर्माण तथा आन्तरिक वनावट सम्बन्धि परियोजनाहरुको अनुभवको प्रमाणपत्र ।
- आ.व. २०७९/०८० को कर चुक्ताको प्रमाणपत्र वा कर दाखिला गरेको रसिद ।

**केन्द्रिय कार्यालय**
**सामान्य सेवा ईकाइ विर्तामोड,झापा**
**फोन नं. ०२३-५३४०१०**

# शिक्षक महासंघको अध्यक्षमा पुनः कट्टेल निर्वाचित

बिर्तामोड(प्रस) । नेपाल शिक्षक महासंघ बिर्तामोडको अध्यक्षमा पुनः युवराज कट्टेल निर्वाचित भएका छन् ।

नेपाल शिक्षक महासंघ बिर्तामोडको दोस्रो नगर अधिवेशनबाट कट्टेल दोस्रो कार्यकालका लागि निर्विरोध अध्यक्ष चयन भएका हुन् । त्यस्तै महासंघको उपाध्यक्ष, सचिव र सहसचिव पदमा क्रमशः दिनेशकुमार बास्कोटा, उमा भण्डारी, कैलाश पोख्रेललगायत निर्विरोध निर्वाचित भएका छन् ।

नेपाल शिक्षक महासंघ बिर्तामोडको दोस्रो नगर अधिवेशनबाट निर्वाचित नगर समितिको घोषणा सभा देवी माध्यमिक विद्यालय बिर्तामोडमा -५ को सभाहलमा भएको थियो । युवराज कट्टेलको अध्यक्षतामा भएको सो कार्यक्रमको प्रमुख अतिथि शिक्षक महासंघ झापाका संस्थापक सचिव उमेश शाह रहेका थिए । कार्यक्रममा नेपाल शिक्षक महासंघ झापाका संस्थापक सचिव उमेश साह ,नेपाल शिक्षक महासंघ निवर्तमान जिल्ला अर्थ सचिव लिलाप्रसाद भण्डारी ,नेपाल शिक्षक युनियन पूर्व उपाध्यक्ष कृष्णमाया रिजाल ,नेपाल शिक्षक संघ ताप्लेजुङका पूर्व उपाध्यक्ष देउमाया ओझा,नेपाल शिक्षक संघ बिर्तामोडका अध्यक्ष जयकुमार प्रसाईंसहित विभिन्न पेशागत संस्थाका अध्यक्ष ,नेल्टा झापा निवर्तमान अध्यक्ष धर्मेन्द्र भट्टराई ,विभिन्न विद्यालयका प्रधानाध्यापक तथा शिक्षक कर्मचारीहरुको उपस्थिति रहेको थियो। निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई सपथ ग्रहण तथा प्रमाणपत्र वितरण गरिएको थियो। उक्त कार्यक्रममा उमेश शाह,लिलाप्रसाद भण्डारी ,कृष्णमाया रिजाललगायतले शुभकामना मन्तव्य राखेका थिए।




निर्वाचित अध्यक्ष कट्टेलले अधिकार र कर्तव्य जिम्मेवारी बोधका साथ अघि बढ्नु आजको आवश्यकता रहेको बताए । उनले शैक्षिक गुणस्तर बृद्धि गर्दै समतामूलक समाज निर्माणमा शिक्षकको महत्वपूर्ण भूमिका रहेको जिकिर गर्दै शिक्षक कर्मचारी कल्याण कोष निर्माणको निम्ति आवश्यक छलफल गरि विधि निर्माण गर्दै सो दिशामा अघि बढ्न सम्पूर्ण पेशागत संस्था ,शिक्षक कर्मचारीहरुमा अपिल गरेका छन् ।उमानाथ भण्डारीले सञ्चालन गरेको कार्यक्रममा गोविन्दप्रसाद न्यौपानेले स्वागत मन्तब्य राखेका थिए । झापाको १५ वटै स्थानीय तहमा शिक्षक महासंघ गठन भएको छ ।

झापाको सातवटा स्थानीय तहमा नेपाल शिक्षक संघ पहिलो भई अध्यक्ष पद प्राप्त गरेको छ भने बाँकी आठवटा नेपाल राष्ट्रिय शिक्षक संगठनले अध्यक्ष पद प्राप्त गर्न सफल भएको छ ।निर्वाचन प्रक्रियाका आधारमा महासंघ गठन भएको थियो । नेपाल शिक्षक महासंघ झापामा आवद्ध पेशागत संस्थाहरुले जुन पालिकामा जुन पेशागत संस्थाको सदस्य संख्या बढी हुन्छ ,त्यसैको नेतृत्वमा शिक्षक महासंघ गठन गर्ने सहमति गरेका थिए। साथै प्रत्येक पालिकाको सदस्य संख्याको योगफलबाट हुन आएको जम्मा योगफलको आधारमा जुन संस्था पहिलो हुन्छ, त्यसैको नेतृत्वमा शिक्षक महासंघ जिल्ला समिति झापा गठन गर्ने सहमति गरेका छन् ।

# भेट्रान कपको उद्घाटन खेलमा आयोजक विजयी

शिवसताक्षी(प्रस)। झापाको शिवसताक्षीमा बिहीवारबाट सुरु कोशी प्रदेशस्तरीय नविन राई स्मृति भेट्रान कप फुटबल प्रतियोगिताको उद्घाटन खेलमा आयोजक (रातो) झिलझिले भेट्रान क्लब विजयी भएको छ । आयोजक रामध्वनी भेट्रान क्लब सुनसरीलाई १-० गोल अन्तरले हराउँदै आयोजक विजयी भएको हो ।



खेलको दोस्रो हाफको १० औं मिनेटमा आयोजकले पाएको पेनाल्टी सुटलाई आयोजकका मित्रबहादुर बस्नेतको गोलमा परिणत गरेका थिए । खेलको म्यान अफ दी म्याच आयोजकका जर्सी नं. ७ का अंकुरकुमार खत्री घोषित भए । उनले नगद २ हजार प्राप्त गरे । प्रतियोगिता झिलझिलेस्थित गणेशमान सिंह अध्ययन प्रतिष्ठानको खेलमैदानमा सञ्चालन भएको छ । प्रतियोगितामा कोशी प्रदेशका १० वटा टिमले सहभागिता जनाएको आयोजकले जनाएको छ।

प्रतियोगिताको विजेता टिमले नगद ७१ हजार र उपविजेताले नगद ४१ हजारसहित मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने छन् । शुक्रबार हाम्रो भेट्रान क्लब धरान र दमक लखनपुर भेट्रान क्लब दमकबीच खेल हुने आयोजकले जनाएको छ ।







नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# डढेलो रोकौं

झापा जिल्लामा चालु आर्थिक २०८०–०८१ को आठ महिनामा ३ सय ४९ दशमलव ५ हेक्टर वनमा डढेलो लागेको छ । सामुदायिक वनमा लागेको डढेलोका कारण वर्षेनि वनक्षेत्रमा ठूलो क्षति हुने गरेको छ । वनमा आगलागी हुँदा साना बिरुवासंगै ठूला रुखलाई समेत असर पुग्ने गरेको छ ।

डिभिजन वन कार्यालय झापाका अनुसार जिल्लाका २७ वटा सामुदायिक वनमा यो अवधिमा आगलागी भएको छ । गर्मीसँगै हावाहुरी चल्ने हुँदा आगो उडाएर घर तथा वन क्षेत्रमा डढेलो लाग्ने गरेको छ । माघ, फागुन, चैत तथा बैशाख महिनामा गर्मीयाम शुरु भएसँगै जिल्लाको सयौं हेक्टर वन क्षेत्रमा आगलागी हुने गरेको छ ।

डढेलो वनमा लागे पनि घरबस्तीसम्म फैलिन सक्छ । प्रत्येक वर्ष नेपालका वन जंगलबाट बस्तीमा आगलागी भएकै हुन्छ । प्राकृतिक वा मानवीय कमजोरीले निम्त्याउने डढेलोले प्रत्येक वर्ष दुःख दिएकै छ ।

तर, राज्यसँग डढेलो नियन्त्रणको तयारी भने कहिल्यै हुँदैन । अझ खास भन्ने हो भने डढेलो पनि नेपालको एउटा ठूलै विपद् हो भनेर त्यसको पूर्वतयारी भएको छैन । डढेलो नियन्त्रणका लागि राज्यसँग सोच नै छैन, संयन्त्र छैन र स्रोत साधन छैन । सहर बजारमै भीषण आगलागी हुँदा वा डढेलो फैलँदा निभाउने पर्याप्त वारुण यन्त्र छैनन् । नाम मात्रका छन् । वनजंगल त बर्सेनि हजारौं हेक्टरमा डढेलो लागेर क्षति हुँदै आएको छ ।

वनको यो वर्षको वैशाखदेखि अहिलेको महिना चैत ६ गतेसम्म मुलुकभर ३ सय २१ वटा डढेलोका घटना भएका थिए । ती घटनामा ५ जनाले ज्यान पनि गुमाउनु पर्‍यो । कतिपय वर्षमा सय जनासम्मको डढेलोकै कारण ज्यान गएका पनि छन् । यति संवेदनशील विपद्को तयारीमा भने ध्यान छैन । एक त डढेलो लाग्नै नदिने उपाय गर्नु सबैभन्दा बुद्धिमत्तापूर्ण काम हो । अधिकतर डढेलोको कारण मानवीय नै छ । प्राकृतिक रूपमा त कताकतै मात्र वन डढेलो लाग्छ । मान्छेहरूको लापरबाही वा जानाजान डढेलो लाग्छ भन्ने अध्ययनहरूले देखाएका छन् । तसर्थ जनचेतना नै बढाउन जरुरी छ । नियतबस र हेलचेक्र्याइँ गर्दै वनमा आगो झोस्नेहरूलाई कारबाही भएको तथ्य विरलै छ । त्यसतर्फ पनि ध्यान दिनुपर्छ । र, वनमा आगो लगाए नयाँ घाँसपात पलाउँछ भन्ने भ्रम चिर्न पनि जरूरी छ । डढेलोले घाँसपात र झारमात्रै नभइ रुखै पनि सखाप पार्छ । वनस्पतिसँगै जीवजन्तु पनि मार्छ । पर्यावरणीय हिसावले पनि डढेलोको क्षति चर्को हुन्छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# अर्थतन्त्रमा संरचनागत परिवर्तन



• डा.चन्द्रमणि अधिकारी

अर्थतन्त्रको बाह्य पक्ष सकारात्मक भए पनि आन्तरिक उत्पादनमा अपेक्षाकृत अभिवृद्धि हुन नसक्नाले यतिखेर नेपालको अर्थव्यवस्थाको भित्री आँत कमजोर देखिएको छ । न्यून लगानी, न्यून पुँजीगत खर्च, वित्तीय क्षेत्रबाट निजी क्षेत्रमा जाने कर्जामा संकुचन, रोजगारीको न्यून अवसर, ग्रामीण क्षेत्रमा जनसंख्या घट्दै जानु, युवा जनशक्ति विदेश जाने क्रम नरोकिनु र त्यसको प्रभाव श्रमको आपूर्ति र वस्तु तथा सेवाको मागमा पर्नाले अर्थतन्त्र खुम्चिँदै छ । देशमा रहेको जनशक्तिमा श्रमको माग र आपूर्तिबिच तालमेल नमिल्नाले एकातिर युवा बेरोजगार रहनु र अर्कातर्फ उद्योग, कृषि र कतिपय सेवा क्षेत्रमा दक्ष जनशक्तिको अभाव छ । आर्थिक क्रियाकलापमा आएको संकुचनले आयात निर्यात दुवै घट्नु र त्यसको नकारात्मक प्रभाव राजस्व संकलनमा पर्नु, कार्यान्वयनमा देखिएको सुस्तताका कारण संघीयताले आम्दानीका थप स्रोत नपहिल्याउनु जस्ता समस्या र चुनौतीबाट हाम्रो अर्थतन्त्र गुज्रिरहेको छ ।

विगत पाँच दशकदेखि आर्थिक वृद्धिदर चार प्रतिशत वरिपरि र मुद्रास्फीति दर छ प्रतिशतभन्दा माथि छ । राजनीतिक प्रणालीमा भएको परिवर्तनले आर्थिक वृद्धि र मुद्रास्फीतिको चरित्रमा परिवर्तन ल्याएन । पुरानो समयलाई छोडेर प्रजातन्त्रको पुनर्स्थापनापछिको तीन दशकका तथ्य विश्लेषण गर्दा तेत्तीस वर्षको अवधिमा वार्षिक औसत आर्थिक वृद्धिदर ४.३ प्रतिशत र वार्षिक औसत मुद्रास्फीति दर ६.२ प्रतिशत रहेको देखिन्छ । यसरी मूल्यवृद्धि र आर्थिक वृद्धिको चरित्रमा परिवर्तन नदेखिनु र मूल्यवृद्धिले आर्थिक वृद्धिलाई सधैँ उछिन्नाले अर्थतन्त्रको ढाड सधैँ कुप्रेको पाइन्छ । यसैको फलस्वरूप नेपाल आर्थिक विकासको गतिमा समकालीन देशभन्दा पछि परेको कुरामा दुईमत छैन ।

चालिसको दशकपछि भएका राजनीतिक तथा शासकीय परिवर्तनले अर्थतन्त्रलाई बाह्य जगत्सँग प्रतिस्पर्धी बनाउने गरी गहकिला र सुनाउनलायक उपलब्धि हुन सकेन । यद्यपि यस अवधिमा गरिबी न्यूनीकरण र सामाजिक विकासका क्षेत्रमा सकारात्मक परिवर्तन भए । २०४८ सालपछिको तीन दशकको अवधिमा गरिबीको दर करिब ३० प्रतिशतले घटेर २० प्रतिशतमा आयो । साक्षरता दर, औसत आयु, बाल र मातृ मृत्युदर आदिमा उल्लेखनीय सुधार आउनाले मानव विकास सूचक ०.२८ प्रतिशतबाट ०.६१ प्रतिशतको तहमा पुगेको छ । यस अवधिमा प्रतिव्यक्ति आय भने करिब १२ सय मात्र बढेर १४ सय अमेरिकी डलर पुगेको छ । यसरी एकातिर प्रतिव्यक्ति आय नबढ्नु, अधिकांश उपभोग्य वस्तुसमेत पैठारीमा निर्भर हुनु र अर्कोतिर अमेरिकी डलरसँग नेपाली मुद्रा निरन्तर अवमूल्यन हुनाले आमजनताको क्रयशक्ति पनि क्षीण भएर गएको छ ।

अर्थतन्त्रलाई यस्तो अवस्थाबाट सकारात्मक दिशामा लैजान गर्नुपर्ने सुधारका विषयमा बहस पनि सुरु भएका छन् । बहसकै क्रममा कतिपय व्यक्तिले अर्थतन्त्रमा संरचनागत सुधारको आवश्यकता छ भन्ने गरेको सुनिन्छ तर संरचनागत परिवर्तन भनेको के हो ? किन आवश्यक पर्‍यो ? यो परिवर्तन कसरी र कुन कुन क्षेत्रमा गर्ने ? यसबाट के लक्ष्य हासिल गर्ने ? भन्ने विषयमा कमै बहस भएको सुनिन्छ । अर्थतन्त्रका आधारभूत आयाममा नै परिवर्तन गरेर लगानी, उत्पादन, वितरण र रोजगारीका सम्भाव्य क्षेत्रमा सुधार गर्नुलाई संरचनागत सुधार भनिन्छ । यसले जगबाट सुधारको थालनी गर्छ । यस्तो सुधारमा उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि विनियोग र विनियोजन गर्ने क्षेत्रको अनुपातिक दरमा नै परिवर्तन गर्ने प्रयास गरिन्छ, जसले आन्तरिक उत्पादन बढाएर अर्थतन्त्रमा दिगोपन र प्रतिस्पर्धात्मक क्षमताको प्रवर्धन गर्छ । त्यसका लागि अर्थतन्त्रको संरचनागत आधारको विश्लेषण गर्नु पर्छ । अर्थतन्त्रलाई प्रभाव पारिरहेका र भविष्यमा पर्न सक्ने स्रोतहरूको मूल्याङ्कन पनि गर्नु पर्छ । यसो गर्दा समाजको आर्थिक, सामाजिक बनोट र चरित्र तथा जनसंख्याको स्वरूप, वितरण र क्रियाशील उमेरको जनसंख्यामा रहेको उत्पादन क्षमता र वरिपरिको बजारको अवस्थालाई पनि ख्याल गर्नु पर्छ ।

नेपालको विद्यमान अर्थसंरचनाको योगदानलाई हेर्दा सम्भावना बढी भएका, अधिक मूल्य अभिवृद्धि हुन सक्ने र देशको सबै वर्ग, क्षेत्र र भूगोलमा पुग्न सक्ने क्षेत्रको अंश घट्दै र कम मूल्य अभिवृद्धि हुने तथा सीमित वर्ग, क्षेत्र र भूगोलमा केन्द्रीकृत हुने क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ । उदाहरणका लागि २०४९ सालमा कुल गार्हस्थ उत्पादनमा कृषि, उद्योग तथा सेवा क्षेत्रको योगदान क्रमशः ४५ प्रतिशत, ९ प्रतिशत र ४६ प्रतिशत रहेकोमा २०७८ सालमा आइपुग्दा यी अनुपताहरू क्रमशः २४ प्रतिशत, १४ प्रतिशत र ६२ प्रतिशत पुगेको देखिन्छ । तीन वटा क्षेत्रमध्ये कृषिको योगदान आधाले तल झरेको छ भने उद्योग डेढीले बढेको छ । कृषि क्षेत्रमा घटेको मूल अंश सेवा क्षेत्रमा थपिएको छ तर सेवा उद्योगमा पर्ने पर्यटन क्षेत्रको योगदान तीन प्रतिशतबाट माथि छैन । सेवा क्षेत्रमा पनि प्रविधि, निर्माण, जलविद्युत्को योगदान न्यून छ भने थोक तथा खुद्रा व्यापार, वित्तीय मध्यस्थता, घरजग्गा कारोबार र प्रशासनिक कार्यले कुल गार्हस्थ उत्पादनको झन्डै ४० प्रतिशत अंश ओगटेको छ । द्वितीय क्षेत्रमा उत्पादनमूलक उद्योगको योगदान छ प्रतिशत टेक्न मात्र खोजेको छ तर कृषि र खनिजमा आधारित उद्योग, निर्माण, यातयात र पर्यटन आदि बढी मूल्य अभिवृद्धि हुने र वृद्धि तथा वृद्धिको प्रतिफलमा धेरै वर्ग, क्षेत्र र भूगोल समेटिन सक्ने बढी सम्भाव्यता बोकेका क्षेत्र हुन् । शिक्षा र स्वास्थ्य सेवाले पनि दीर्घकलामा राम्रो दिगो मानव पुँजी निर्माण गर्छ । जनसंख्याको बनोट, वितरण, संलग्नता र निर्भरतालाई हेर्दा अझै पनि ६१ प्रतिशत घरपरिवार कृषिमा आश्रित छन् र आर्थिक दृष्टिले क्रियाशीलमध्ये ५७ प्रतिशत श्रमशक्ति कृषिमा संलग्न छन् । यसरी एकातिर कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दो छ भने अर्कोतिर यस क्षेत्रमा निर्भर परिवार र संलग्न श्रम शक्तिको अनुपातमा खासै कमी आएको छैन ।

कृषिमा आश्रित ग्रामीण क्षेत्रमा अझै पनि करिब एकचौथाइ घरपरिवार गरिबीको रेखामुनि रहनु, कृषि क्षेत्रमा संलग्न श्रमिकमध्ये ३९ प्रतिशत गरिब रहनु, सेवा र उद्योग क्षेत्रको विकास नभएको र अधिकांश कृषिमा आधारित जनसंख्या रहने सुदूरपश्चिम प्रदेशमा अझै पनि पनि ३४ प्रतिशत परिवार गरिब रहनु आदिले यस क्षेत्रमा गरिबीको घनत्व बढेको पुष्टि गर्छ । यस कुराले संरचनागत सुधारको प्रारम्भ यहीँबाट गर्नुपर्ने देखाउँछ । अन्यथा अर्थतन्त्र झन्झन् बढी परनिर्भर हुँदै जाने र भोलिका दिनमा जनसंख्याको उल्लेखनीय अंश खाद्य संकटमा समेत पर्ने देखिन्छ । तसर्थ अब कृषि क्षेत्रको उत्पादकत्व बढ्ने गरी विनियोग, विनियोजन र प्रविधिको विस्तार गरी आउँदो दशकसम्म यसको योगदानलाई १६ देखि २० प्रतिशतको हाराहारीमा पुर्‍याउनु पर्छ । त्यसभन्दा तल झर्न दिनु हुँदैन । सेवा क्षेत्रको योगदानलाई विशेष गरी उद्योग क्षेत्रमा लैजाने गरी संरचनागत, संस्थागत र नीतिगत परिवर्तन गर्नु पर्छ । आउँदो १० वर्षमा यस क्षेत्रको योगदान ३० देखि ३५ प्रतिशत पुर्‍याउने गरी काम गर्नुपर्ने अवस्था छ । यसो गर्दा सेवा क्षेत्र ४५ देखि ५४ प्रतिशतमा रहन्छ, जसले सन्तुलित विकासको स्वरूप निर्माण गर्छ ।

यसरी परिवर्तनको खाका तयार गर्नुअघि अर्थतन्त्रलाई प्रभाव पार्ने तत्वहरू फरक फरक हुन्छन् र हरेक अर्थतन्त्रका आफ्ना आधारभूत चरित्र हुन्छन् भन्ने पनि बुझ्नु पर्छ । कुनै अर्थतन्त्र कुनै अर्कोसँग मिल्दोजुल्दो हुन सक्छ र कतिपय अर्थतन्त्रबिच तुलना गर्नु पनि त्यति सान्दर्भिक हुँदैन । यसरी हेर्दा हामीले अमेरिकी अर्थतन्त्रभन्दा कतिपय अन्य अर्थतन्त्रका चरित्र र ती अर्थतन्त्र कसरी अगाडि बढे भनेर हेर्नु पर्ने हुन्छ । संयुक्त राज्य अमेरिकाको अर्थतन्त्रमा उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः १९ प्रतिशत र ८० प्रतिशत छ । बाँकी एक प्रतिशत कृषि क्षेत्रको भागमा पर्छ । नेपालले यो लय समात्न निकै गाह्रो छ । यसको आधार, इतिहास, अर्थतन्त्रलाई प्रभाव पार्ने तत्व फरक छन् । हामीले बरु अलि बढी विकसित भएको दक्षिण कोरिया र अनि केही वर्षबाट अर्थतन्त्रको संरचना परिवर्तन गर्ने बाटोमा अगाडि बढेका निम्न मध्यम आय भएका भियतनाम, लाओस र कम्बोडिया जस्ता देशको अनुभवबाट केही सिक्नु उपयुक्त हुन्छ । दक्षिण कोरियाको अर्थतन्त्रमा कृषिको योगदान दुई प्रतिशत मात्र भए पनि द्वितीय क्षेत्रको योगदान ४२ प्रतिशत छ । भियतनाम, लाओस र कम्बोडियाको संरचना हेर्दा सेवा क्षेत्रको योगदान ४५ देखि ५० प्रतिशत र कृषि क्षेत्रको योगदान १५ देखि २५ प्रतिशत रहेको देखिन्छ । यी सबैको प्रतिव्यक्ति आय नेपालको तुलनामा बढी नै छ । यसरी हेर्दा उद्योगतर्फ पनि धेरै ठुला कम्पनीभन्दा लघु, साना र मझौला उद्योगको प्रवर्धनमा बढी जोड दिनु पर्छ ।

सङ्क्षेपमा भन्दा औसत रूपमा देखिएको धेरै आय र ठुलो आकारको अर्थतन्त्रले मात्र नागरिकलाई न्याय दिन सक्दैन । तसर्थ आर्थिक विकासको मोडेल पनि सन्तुलित र व्यवस्थापन गर्न सकिने किसिमको निर्माण गर्नु पर्छ ।

अन्यथा अमेरिकी सरकारले एप्पल कम्पनीको एकाधिकारलाई समाप्त गरी उपभेक्ता र अर्थतन्त्रलाई न्याय दिनका लागि नियमन प्रयोजनार्थ अदालत गुहार्नु परे झैँ हामीले पनि त्यस्तो चुनौती बेहर्नु पर्ने हुन सक्छ । तसर्थ यिनै कुरालाई विचार गरेर अर्थतन्त्रको पुनर्संरचना गर्न सके मात्र फिनल्यान्डसमेतका उत्तरी युरोपका देशमा झैँ जनताको खुसीको स्तर माथि उक्लिन सक्छ । तसर्थ हामीले सोह्रौँ आवधिक योजनालाई अन्तिम रूप दिँदा र आगामी वर्षको बजेट निर्माण गर्दा यही धरातलमा उभिनु उपयुक्त हुन्छ ।

# भ्रष्टाचार नियन्त्रणका क्षेत्र



• ठाकुरप्रसाद बस्ताकोटी

ट्रान्सपरेन्सी इन्टरनेसनलको सन् २०२३ को प्रतिवेदन अनुसार नेपाल विश्वमा भ्रष्टाचार बढी हुने देशको १०८ औं स्थानमा छ । १८० देशमध्ये सबैभन्दा बढी भ्रष्टाचार विद्यमान रहेको देशमा नेपालले जम्मा ३५ अङ्क प्राप्त गरेको छ । वार्षिक रूपमा सामान्य अङ्क फरक परे पनि नेपाल विश्वका अत्यधिक भ्रष्टाचार हुने देशमा सूचीकृत हुँदै आएको छ । जम्मा एक अङ्क बढी प्राप्त गरी यस पटक गत वर्षभन्दा दुई स्थान माथि उक्लिएको पाइए पनि विगतभन्दा भ्रष्टाचार नियन्त्रणमा खासै सुधार हुन सकेको पाइँदैन । ५० भन्दा कम अङ्क प्राप्त गर्ने देशलाई अति भ्रष्टाचार हुने सूचीमा राखिँदै आएकोमा वर्षैपिच्छे जारी हुने उक्त प्रतिवेदनमा नेपाल लामो समयदेखि यस्तै देशको रूपमा अङ्कित हुँदै आएको अवस्थाले नेपालले भ्रष्टाचारको क्षेत्रमा खासै सुधार गर्न सकेको देखिँदैन ।

अनुचित आर्थिक लाभ हासिल गर्ने उद्देश्यले गरिने भ्रष्टाचार कुनै भौगोलिक सीमाबाट नछेकिने हुँदा यसलाई सीमाविहीन अपराधका रूपमा लिइन्छ । सङ्गठित रूपमा आपराधिक समूहहरूले यसलाई अर्थोपार्जनका माध्यमका रूपमा उपयोग गर्दै आएका छन् । त्यसैले भ्रष्टाचारका अनेक स्वरूपको अनुसन्धानमा विशेष विधिहरू अवलम्बन गर्नुपर्ने मान्यता छ, जसलाई हामीले व्यावहारिक रूप दिन धेरै तयारी गर्नुपर्ने अवस्था छ ।

भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३ अन्तर्गत भ्रष्टाचारको परिच्छेद ३ मा अपराधीकरण शीर्षकमा धारा १५ देखि २५ सम्म विभिन्न भ्रष्टाचारजन्य कार्यलाई कसुरका रूपमा उल्लेख गरेको छ । नेपाल उक्त महासन्धिको पक्ष राष्ट्र भए पनि भ्रष्टाचार निवारण ऐन, २०५९ ले सोही ऐनको परिच्छेद २ अन्तर्गत सजाय हुने भनी उल्लेख गरेका कसुर हेर्दा भने निजी क्षेत्रमा हुने कसुरलाई सम्बोधन गरेको देखिँदैन । राष्ट्रसेवक वा सार्वजनिक पदाधिकारीले भ्रष्टाचारजन्य कसुर गर्न सक्ने र निजी व्यक्तिको भ्रष्टाचारको कसुर हुन राष्ट्रसेवक वा सार्वजनिक पदधारक जोडिएर आउनुपर्ने अवस्था विद्यमान रहेको देखिन्छ, जुन प्रावधान नेपाल पक्ष भएको भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि २००३ को अनुकूल रहेको देखिँदैन । राष्ट्रसंघीय महासन्धिको धारा २१ र २२ मा उल्लेख भएको निजी क्षेत्रको घुस रिसवत र सम्पत्ति हिनामिनालाई हाम्रो घरेलु कानुनले समेट्न सकेको देखिँदैन । नेपालमा सम्पत्ति शुद्धीकरणको परिभाषाले समेत निजी क्षेत्रको भ्रष्टाचारलाई पूर्णतः समेट्न सकेको देखिँदैन ।

राष्ट्रिय सभाबाट उत्पत्ति भई हाल संघीय संसद्मा विचाराधीन भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न गरिएको विधेयकमा गरिएका प्रस्तावले समेत महासन्धिका प्रावधानलाई उचित रूपमा समेट्न खोजेको नदेखिएको टिप्पणी हुने गरेको छ । भ्रष्टाचारसम्बन्धी महासन्धिले निजी क्षेत्र र गैरसरकारी क्षेत्रको भ्रष्टाचारलाई समावेश गरेको विषयका सम्बन्धमा भ्रष्टाचारको विषय श्वेतग्रिवी अपराध भएको र यस सम्बन्धमा सार्वजनिक जवाफदेहिताको सिर्जना हुने भएकाले सरकारी तथा निजी क्षेत्रमा यसका प्रावधान समान रूपमा लागु हुन नसक्ने कतिपयको दाबी देखिन्छ । त्यसैले यस्ता विषयलाई कसरी समेट्ने भन्ने विषयमा विवाद भएको समेत छ । महासन्धिले पनि सार्वजनिक उत्तरदायित्व बहन गर्ने र सार्वजनिक जवाफदेहिता भएका निजी तथा गैरसरकारी संस्थाहरू मात्र भ्रष्टाचारको दायरामा आउन सक्ने अन्तर्राष्ट्रिय अभ्याससमेत भएको भन्दै त्यस प्रकृतिका बैङ्क, अस्पताल, कलेज, बिमा संस्थान जस्ता निकायलाई पनि यस्तो दायराभित्र ल्याउन सकिने भन्ने कतिपयको तर्क रहेको पाइन्छ । जुनसुकै गैरसरकारी संस्था, निजी कम्पनी वा क्षेत्र यसको दायरामा ल्याउन नहुने भन्दै कतिपय क्षेत्रबाट विरोध गरिए पनि राष्ट्रसंघीय महासन्धिको भावना अनुकूलको व्यवस्था गर्न पर्याप्त छलफल आवश्यक देखिन्छ ।

**नीतिगत भ्रष्टाचार**

भ्रष्टाचारको अपराध कानुन कार्यान्वयन गर्ने सार्वजनिक पद धारण गर्नेवालाले मात्रै होइन कि नीति निर्माण गर्ने वा सार्वजनिक नीति निर्माताहरूबाट समेत हुने गरेको पाइन्छ । नीतिगत भ्रष्टाचारसम्बन्धी स्पष्ट पार्ने व्यवस्था जारी हुन नसक्दा भ्रष्टाचारसम्बन्धी कसुरमा अनुसन्धानको जिम्मेवारी पाएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यसमा छानबिन नै गर्न नसक्ने अवस्था बनेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४(ख) मा नीतिगत निर्णयको कुनै स्पष्ट परिभाषा देखिँदैन । बरु मन्त्रिपरिषद् वा त्यसको कुनै समितिले नीतिगत रूपमा गरेको कुनै निर्णयका सम्बन्धमा आयोगले तहकिकात कारबाही गर्ने नसक्ने सुनिश्चितता यसले गरेको छ । प्रदेश सरकारको मन्त्रीपरिषद्बाट हुने नीतिगत निर्णयलाई सोहीसरह मानी संसद्मा विचाराधीन विधेयकमा प्रस्ताव गरिएको देखिँदा नीतिगत निर्णयका आधार देखाउँदै जस्तोसुकै स्वार्थका विषय पनि मन्त्रीपरिषद्बाट निर्णय गराई अख्तियारको दुरुपयोग अझ भयावह हुन सक्ने अवस्थाले संस्थागत रूप धारण गर्न सक्ने संशय छ । नीतिगत भ्रष्टाचारको विषयमा सर्वोच्च अदालतबाट बालकृष्ण न्यौपानेविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेत (नेकाप, २०५३, अङ्क ६, नि नं ६२०५) भएको मुद्दामा भएको व्याख्या सार्वजनिक पद धारण गरेको व्यक्तिको अवधारणालाई संकुचित पार्न नहुने भनिएको छ । संसद्मा विचाराधीन विधेयकमा समेत यस तथ्यतर्फ उचित ध्यान पुग्न सकेको नदेखिएबाट सर्वोच्चका यस्ता दूरदृष्टिपूर्ण व्याख्यालाई कानुनमा समेटी अवधारणागत स्पष्टता दिन ढिलाइ भइरहेको देखिन्छ ।

**गैरसरकारी क्षेत्रको भ्रष्टाचार**

विदेशी सहयोगका नाममा सञ्चालित गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी निकायहरूको अनुसन्धानका लागि उचित कानुनी व्यवस्था हुन नसक्दा भ्रष्टाचारले थप झाँगिने अवसर पाएको छ । भ्रष्टाचारको परिभाषाभित्र यस्ता कार्यलाई समेटी सदाचार निर्माणमा सरकारसँगै गैरसरकारी क्षेत्रको भूमिकालाई समेत जिम्मेवार बनाउनु आवश्यक छ । कानुनी व्यवस्थालाई छलेर विदेशी सहयोग भित्र्याउने, त्यसको खर्च प्रक्रिया सम्बन्धमा राष्ट्रिय निकायहरूप्रति उत्तरदायी हुनु नपर्ने र प्रचलित मान्यताहरू विपरीत खर्च गर्ने प्रवृत्ति गैरसरकारी निकायमा रोक्न ध्यान नदिनु कानुनी शासनको मान्यता विपरीत छ । विशेष गरी सामाजिक संस्थाविरोधी गतिविधिहरू खुलासँगै छद्म रूपमा समेत हुँदै आएको देखिन्छ । गैरसरकारी खर्च गर्दा वा विदेशी सहयोग भित्र्याउँदा देखिएका अपारदर्शितालाई कानुनमा समेट्न ढिलाइ भइरहेको छ ।

**निष्कर्ष**

नेपालको संविधानले समृद्धि प्राप्ति र सुशासन अवलम्बनका लागि लोकतान्त्रिक मूल्य मान्यताको प्रवर्धनलाई जोड दिएको छ । कानुनी शासनको प्रत्याभूतिका लागि सार्वजनिक जवाफदेहिता, पारदर्शिता र उत्तरदायित्व अनिवार्य सर्त हुन् । भ्रष्टाचार, अनियमितता र अपारदर्शिता तल्लो तहसम्म बढिरहेको महालेखा नियन्त्रक कार्यालयका वार्षिक प्रतिवेदनदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय तथ्याङ्क र सर्वेक्षणहरूले देखाइरहेका छन् । सदाचार र सुशासनका लागि सामयिक कानुनको निर्माणका लागि संसद्, सरकार र नागरिक समाजलगायत सुशासनका सबै सरोकारवालाको जिम्मेवार भूमिका आवश्यक देखिएको छ । भएका कानुनको प्रभावकारी कार्यान्वयन र सुशासनको सुनिश्चितताका लागि सरकार, निजी क्षेत्र र गैरससरकारी क्षेत्रसमेतमा हुने भ्रष्टाचारविरुद्ध प्रभावकारी कानुनको निर्माण अहिलेको आवश्यकता हो । यसको समुचित सम्बोधनबिना भ्रष्टाचारविरुद्धको प्रभावकारिता आगामी दिनमा अझ कठिन हुन सक्छ । सुशासनका लागि यसको पर्याप्त सम्बोधन हुनु आजको आवश्यकता हो ।

# भारतसँग विद्युत् खरिद सम्झौता नवीकरणमा ढिलाइ

झापा(प्रस)। भारतसँगको विद्युत् खरिद सम्झौता नवीकरण हुन नसक्दा बिजुली आपूर्तिमा समस्या पर्न सक्ने जोखिम बढेको छ। नेपालले भारतसँग किन्दै आएको बिजुलीको सम्झौता प्रत्येक वर्ष नवीकरण गर्नुपर्छ। गत वर्ष सम्पन्न सम्झौताको समयावधि यही मार्च ३० सम्म मात्रै छ।

यसअनुसार यति बेलासम्म बिजुली खरिदका लागि भारतसँग सम्झौता भइसक्नुपर्ने हो। तर हालसम्म सम्झौता हुन नसकेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ। सम्झौता नवीकरणका लागि नेपाल र भारतका ऊर्जा सचिवस्तरीय बैठक समेत सम्पन्न भइसकेको छ।

बैठकमा नेपाल पक्षले निरन्तर रूपमा सम्झौता नवीकरणको प्रस्ताव गरिरहेको छ। तर, लोकसभा चुनावमा भारतलाई २४ घन्टा नै पर्याप्त मात्रामा बिजुली चाहिने भएकाले नेपाललाई दिन नसक्ने भारतीय पक्षको भनाइ छ। यद्यपि, नेपाली पक्षले भने कम्तीमा साढे ६०० मेगावाट बिजुली पाउनुपर्ने माग राख्दै आएको छ।

यसो हुन नसकेमा चैतको बाँकी अवधि र वैशाख वा जेठसम्म बिजुली आपूर्तिमा समस्या पर्छ। ऊर्जा मन्त्रालयका प्रवक्ता नविनराज सिंह नेपाललाई बिजुली आपूर्ति गराउन भारतीय पक्ष सकारात्मक रहेको बताउँछन्। उनी भन्छन्, 'भारतीय पक्ष चुनावका कारण थप बिजुली चाहिने भएको बताइरहेको छ। तर नेपाललाई चाहिने बिजुली दिन सकारात्मक छ।'

'दुई देशका सचिवस्तरीय बैठकमा भारतीय सचिवले नेपाललाई बिजुली उपलब्ध गराउनका लागि मन्त्रीसमक्ष कुरा राख्ने बताएका छन्,' प्रवक्ता सिंहले भने, 'अघिल्ला वर्षहरूमा पनि अन्तिम समयमा सम्झौता नवीकरण भएको उदाहरण छन्। यो वर्ष पनि सोही अपेक्षा हाम्रो छ।' भारतसँग बिजुली नवीकरणको सम्झौता सम्पन्न हुन नसके 'लोडसेडिङ'को जोखिम बढ्नेछ। यद्यपि, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्ति बस्नेत भने 'लोडसेडिङ'को हल्ला निराधार रहेको बताउँछन्।

# केजरीवाललाई थप चार दिन हिरासतमा राख्न आदेश

एजेन्सी। मदिरा नीति ल्याएर भ्रष्टाचार गरेको आरोपमा प्रवर्तन निर्देशनालय (ईडी)को नियन्त्रणमा रहेका दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाललाई थप चार दिन हिरासतमा राख्न अदालतले आदेश दिएको छ। यसअघि दिइएको ६ दिनको समयसीमा सकिएपछि ईडीले बिहीवार केजरिवालमाथि अनुसन्धान गर्न थप समय माग गर्दै एवेन्यू कोर्टमा पेस गरेको थियो। ईडीले थप सात दिनको समय मागेकोमा अदालतले चार दिन मात्रै समय थपेको हो। सोमबार अपराह्न १२ बजेभित्र अदालतमा पेस गर्न आदेशमा भनिएको छ।

अदालतमा केजरीवालले आफ्नो पक्षबाट स्वयं कुरा राखेका थिए। उनले ईडीको कारबाही आम आदमी पार्टीलाई बदनाम गराउनमात्रै केन्द्रित रहेको जिकिर गरेका थिए। उनले यही मुद्दामा पक्राउ परेका व्यवसायी शरद रेड्डीले भाजपालाई ५५ करोड रुपैयाँ चन्दा दिएको विषय बाहिर आइसकेको भन्दै ईडीले कारबाही थालेपछि भ्रष्टाचार भएको आरोप लगाए। उनले मुख्यमन्त्रीको पदमा रहेका व्यक्तिलाई चार जना अभियुक्तको सामान्य बयानका आधारमा पक्राउ गर्नु उपयुक्त नभएको तर्क राखेका थिए। गत साता ईडीले केजरीवाललाई पक्राउ गरेको थियो। उनी पक्राउ परेपनि मुख्यमन्त्री पदबाट राजीनामा दिएका छैनन्। जेलबाटै सरकार चलाउने भन्दै आएका छन्।

जेलमा रहेकाले केजरीवाललाई मुख्यमन्त्री पदबाट मुक्त गर्नुपर्ने एउटा निवेदनलाई भने उच्च अदालतले बिहीवार खारेज गरिदिएको छ। उच्च अदालतले त्यस्तो कुनै नियम र कानुन नरहेको भन्दै त्यसमाथि सुनुवाइ नै गर्न चाहेन। अदालतले त्यसमा न्यायिक हस्तक्षेपको कुनै ठाउँ नरहेको भनेको छ।

# उपकुलपति कार्यालयमा नेविसंघको प्रदर्शन




झापा(प्रस)। नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी संघ (नेविसंघ) ले विद्यार्थीको उत्तर पुस्तिका हराएको भन्दै कीर्तिपुर स्थित त्रिभुवन विश्वविद्यालय उपकुलपतिको कार्यालयमा प्रदर्शन गरेको छ।

गत वैशाखमा विद्यार्थीले जनसंख्या विषयको परीक्षा दिएपनि एक सय ८३ विद्यार्थीको उत्तरपुस्तिका हराएको थियो।

परीक्षा नियन्त्रण कार्यालयबाटै हराएका ती उत्तरपुस्तिका खोजी भइरहेको त्रिविको भनाइ छ। त्रिविले केही क्याम्पसमा लिएका परीक्षाको उत्तरपुस्तिका हराएको भन्दै पुनः परीक्षा सञ्चालन गर्न चितवनको रत्ननगरस्थित शहीद स्मृति बहुमुखी क्याम्पसमा परीक्षा केन्द्र तोकेको थियो। परीक्षा नियन्त्रण कार्यालय बल्खुले परीक्षा तालिका निकालेर पुनः परीक्षा दिन भनेको थियो।

विद्यार्थीका उत्तरपुस्तिका हराएकोबारे छानबिन गरी दोषीमाथि कारबाही सिफारिस भइसके पनि अहिलेसम्म कारबाही नभएको भन्दै नेविसंघले बिहीबार उपकुलपति कार्यालयमा प्रदर्शन गरेको हो।

उपकुलपतिले दोषीमाथि कारबाही प्रक्रिया अघि नबढाएकोले प्रदर्शन गरिएको नेविसंघ केन्द्रीय सदस्य विजय ढुंगानाले बताए।

'उत्तरपुस्तिका हराएको विषयमा छानबिनबाट कारबाही सिफारिससमेत भइसकेको अवस्थामा छ तर उपकुलपतिले कारबाही प्रक्रिया चाल्नु भएको छैन, तत्काल दोषीमाथि कारबाही गरियोस्,' उनले भने। साथै नेविसंघले त्रिवि रजिष्ट्रार र रेक्टर नियुक्ति पारदर्शी ढंगबाट अघि बढाउन पनि माग गरेको छ।

# इटहरीमा ओलम्पियन पुनर्मिलनको तयारी



झापा(प्रस)। तेस्रो संस्करणको ओलम्पियन पुनर्मिलन तथा स्पोर्ट्स सेलिब्रेटी मिट-२०२४ कोशी प्रदेशको सुनसरीस्थित इटहरीमा हुने भएको छ। त्यसका लागि प्रदेश खेलकुद विकास बोर्ड, कोशी प्रदेशका सदस्य सचिव हंशराज वाग्ले र नेपाल ओलम्पियन संघका अध्यक्ष दीपक विष्टले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्।

सम्झौता अनुसार खेलकुद विकास बोर्ड कार्यक्रमको आयोजक रहने छ भने ओलम्पियन्स संघले कार्यक्रमको संयोजन गर्ने छ। कार्यक्रम आगामी वैशाख २० गते हुनेछ। कार्यक्रमको पहिलो संस्करण काठमाडौं र दोस्रो संस्करण गत वर्ष पोखरामा भएको थियो। ओलम्पियन संघको नेतृत्वमा दीपक विष्ट आएपछि यो कार्यक्रमको सुरुवात गरिएको हो। देशभर छरिएर रहेका ओलम्पियनलाई एकै ठाउँमा भेला गराउने उद्देश्यले कार्यक्रमको सुरुवात गरिएको अध्यक्ष विष्टले बताए।

विष्टका अनुसार यो पटकको कार्यक्रमको नयाँ पक्ष भनेको विदेशी ओलम्पियनका साथै विदेशमा रहेका नेपाली ओलम्पियनको पनि कार्यक्रममा सहभागिता रहने छ। कार्यक्रमको दिन बिहान वाकाथन हुने छ। वाकाथनमा कोशी प्रदेशमा रहेका खेलाडी र ओलम्पियनलगायतको सहभागिता रहने छ। वाकाथनपछि सोही दिन भव्य समारोहबीच सन् १९८८ को सिओल ओलम्पिकमा सहभागी नेपाली ओलम्पियनलाई सम्मान गरिने छ।

१९८८ को सिओल ओलम्पिकमै तेक्वान्दोका विधान लामाले प्रदर्शनी खेलमा कांस्य पदक जितेका थिए। सम्मान थाप्न लामा पनि अमेरिकाबाट नेपाल आउने अध्यक्ष विष्टले जानकारी दिए।ओलम्पियन संघले विगतका दुई संस्करणमा सन् १९६४ देखि १९८४ का दौरान भएका विभिन्न पाँच संस्करणमा सहभागी नेपाली ओलम्पियनलाई सम्मान गरिसकेको छ।

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले आफ्नो प्रदेशमा ओलम्पियनहरुको पुनर्मिलन कार्यक्रम हुनु खुशीको कुरा भएको भन्दै खेलाडीलाई स्वागत गर्न आतुर रहेको बताए। सदस्य सचिव वाग्लेले ओलम्पियनहरुको पुनर्मिलन कार्यक्रमले कोशी प्रदेशका खेलाडीमा उत्साह थपिने र आन्तरिक पर्यटन प्रवर्द्धनमा पनि टेवा पुग्ने विश्वास व्यक्त गरे।

# धनकुटामा ट्रक चालकको मृत्यु

झापा(प्रस)। धनकुटा नगरपालिका ६ स्थित कोललस्टोरमा बिहीवार दिउँसो पिकअपको ठक्करबाट ट्रकचालकको मृत्यु भएको छ। मृत्यु हुनेमा सिरहाकोलहान गोलबजार घर भई हाल धनकुटा ९ गुठीटार बस्ने ३० वर्षीय निरज ठकुरी रहेको प्रहरीले जनाएको छ। ठकुरीको घटनास्थलमा नै मृत्यु भएको हो।



कोशी राजमार्गमा सिधुवाबाट धनकुटातर्फ आउँदै गरेको बा प्र ०१-०२६ च ८९९२ नम्बरको पिक अचानक ब्रेक फेल भई सडकको साइडमा रोकेर ग्यास लोड गर्दै गरेको बा प्र ०१-००६ ख ४६५२ नम्बरको ट्रकमा ठोक्किएको थियो।

पिकअपले ठक्कर दिँदा ग्यास लोड गर्दै गरेको ट्रक चालक भुइँमा खसेका थिए। पिकअप चालक धादिङको सिद्धलेख गाउँपालिका-३ का ३८ वर्षीय चेतबहादुर विसुंखेलाई जिल्ला प्रहरी कार्यालयले नियन्त्रणमा लिएको छ।

**वनबाट...**

उनले धेरै समूहहरूले उत्पादन गरेपनि समूहहरूले साझा धारणा बनाएर एक ठाउँमा प्रशोधन गर्दा सहज हुने धारणा राखेका थिए।

यस्तै झापा उद्योग बाणिज्य संघका वरिष्ठ उपाध्यक्ष राजकुमार राईले सामुदायिक वनहरूले उत्पादन गरेको बेसारको बजारीकरण र ब्रान्डिङमा सहकार्य गर्ने बताए।

यसैगरी डिभिजन वन कार्यालय झापाका अधिकृत ऋषि पराजुलीले कृषि वन प्रवर्धन कार्यक्रमले बेसार उत्पादनसँगै रैथाने वनस्पति पुनरुत्पादन हुने भएकाले यो एउटा राम्रो कार्यक्रम भएको धारणा राखे।

यस्तै दुर्गाभिट्टा समूहका अध्यक्ष धनराज गुरुङले जंगली जनावरबाट पनि सुरक्षित तथा वनको संरक्षणमा टेवा पुर्याउन र आर्थिक आम्दानी गर्ने कृषि वनको अवधारणा उचित रहेको बताए।सामुदायिक वन उपभोक्ता महासंघ झापाका अध्यक्ष बेदप्रकाश भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा फरेष्टएक्सन नेपालकी फिल्ड अधिकृत मुना भट्टराईले वन समूहमा भएको बेसार खेती किन भन्ने बारेमा तथ्यसहित प्रस्तुतीकरण गरेकी थिइन्। कार्यक्रमको सहजीकरण महासंघकी कोषाध्यक्ष देवीका अधिकारीले गरेकी थिइन्।

**रास्वपाले...**

एमालेले इलाममा सुहाङ नेम्वाङ र बझाङमा दमनबहादुर भण्डारीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ। आइतबार बसेको एमालेको सचिवालय बैठकले उम्मेदवार चयन गर्नुका साथै सत्ता गठबन्धनमा सहभागी दलहरूको समर्थन जुटाउने कसरत थालेको हो। सुहाङ एमाले नेता नेम्वाङकै कान्छा छोरा हुन्। कानुन व्यवसायी उनले पार्टीले उम्मेदवार बनाउनु अघिदेखि नै चुनावी दौडधुप थालिसकेका छन्। त्यस्तै पहिचानवादी पक्षधरबाटै डकेन्द्रसिंह लिम्बूले पनि उम्मेदवारी दिने बताएका छन्। उनले पनि प्रचारप्रसार थालिसकेका छन्। उनलाई जसपाले समेत साथ दिने बताइएको छ। त्यस्तै पहिचान पक्षधरकै तर्फबाट जनमत पार्टीले प्रेमदीप थाम्सुहाङलाई उम्मेदवार बनाएको छ। प्रेमदीप किराँत-लिम्बुवान प्रदेश नामांकन अभियानका राष्ट्रिय अध्यक्षसमेत हुन्।

**आठ...**

भने १ अर्ब ६६ करोड ५५ लाख ५४ हजार रुपैयाँ मूल्य बराबरको १ करोड ६१ लाख ९९ हजार ८ सय ४० केजी आयात भएको छ।

चालु आवको आठ महिनामा १५ करोड ७९ लाख ६ हजार रुपैयाँ मूल्य बराबरको १ हजार ३ सय ९२ किलोलिटर मट्टितेल काँकरभिट्टा नाका भएर नेपाल भित्रिएको छ। गत आवमा १६ करोड ३२ लाख ६३ हजार रुपैयाँ मूल्य बराबरको १ हजार ३ सय ४ किलोलिटर मट्टितेल आयात भएको थियो। यो नाकाबाट पेट्रोलियम पदार्थ आयात घट्नेबित्तिकै त्यसको प्रत्यक्ष असर राजस्वमा पर्ने गरेको छ। कार्यालयको वार्षिक राजस्व असुली (संकलन)को प्रमुख वस्तु नै यसको आयात हो। यसको आयात कम हुँदा लक्ष्य अनुसार राजस्व असुली गर्न धौं धौं पर्ने गरेको भन्सार अधिकारीको भनाई छ।

अघिल्ला वर्षहरूमा वार्षिक १५ प्रतिशतको औसत दरले पेट्रोलियम पदार्थको खपत बढ्ने गरेको थियो। यो चालु आवमा भने इन्धन खपतमा खासै सुधार नआएको भन्सार अधिकारीहरुको भनाई छ। एक जना भन्सार अधिकारीका अनुसार पछिल्लो समय नेपालमा पेट्रोलियम पदार्थको खपत घटनुको मुख्यः कारण भारतमा भन्दा नेपालमा महँगो हुँदाको परिणाम पनि हो।

'अघिल्ला आवमा नेपालको तुलनामा भारतमा पेट्रोलियम पदार्थको मूल्य बढी थियो' नाम नलेखिदिने शर्तमा ती उच्च अधिकारी भन्छन्,' नेपालमा सस्तो हुँदा दैनिक ५ देखि ७ सयसम्म भारतीय सवारी साधन नेपालमा तेल हाल्न आउँथे, कतिले त ठुल्ठुला ड्रम र आफ्ना सवारी साधनमा अतिरिक्त तेलको ट्यांकी जडान गरी अबैधरुपमा भारततर्फ यस्ता वस्तु लैजान्थे। अहिले भारतमा सस्तो छ ती सवारी साधनले नेपालमा तेल हाल्नै छाडे त्यसको असर पनि पनि हो आयात घट्नु।' नेपालमा महंगो हुँदा यसले भारततर्फ हुने इन्धन तस्करी रोकिएको छ। पेट्रोलियम पदार्थको आयात परिमाण घट्नुमा भारतमा मूल्य सस्तो हुनु र नेपालमा विकास निर्माणमा काम कम हुनु प्रमुख कारण रहेको बताइन्छ।

पेट्रोलियम पदार्थको माग देशभरकै अनुपातमा झापामा ५० प्रतिशत र अन्य समयको तुलनामा जिल्लामा ३५ प्रतिशतले कमि आएको छ। यसको मुख्यः कारण मूल्यमा उतारचढाव नै रहेको ठहर ती अधिकारीको छ। केही दिनदेखि भारतको तुलनामा नेपालमा पेट्रोल प्रतिलिटर ८ रुपैयाँ महँगो छ। अहिले पेट्रोलियम पदार्थको मूल्य नेपालमा भन्दा भारतमा कम छ। 'गत वर्ष नेपालमा भन्दा भारतमा मूल्य महँगो थियो। जसका कारण सीमापार क्षेत्रका भारतीय गाडीहरू नेपालमा आएर पेट्रोलियम पदार्थ खरिद गर्दथे' एक पेट्रोलियम व्यवसायीले भने,'अहिले नेपालमा भन्दा भारतमा पेट्रोलको मूल्य कम छ। जसले गर्दा सीमा क्षेत्रका नेपालीहरुले भारतमा गएर पट्रोल खरिद गर्छन्। जसका कारण आयात परिमाणमा कमी आएको छ।' साथै, सामान ढुवानीको लागि भारत गएका गाडीहरुले पनि उतैबाट पेट्रोल लोड गरेका आउँदा नेपालमा पेट्रोल आयात परिमाण घटेको उनको धारणा छ।

प्रतिदिन वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation bhadrapur road, birtamode 023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
कॉंकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१९

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** प्रतिस्पर्धामा विजयी भइनेछ। बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। व्यवसायमा गरिएको लगानीमा मन्दी

**मिथुन** धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ। जटिल ठानिएको सम्पादन

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ।पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको

**सिंह** सोचेजस्तो लाभ हासिल गर्न केही समय कुर्नुपर्नेछ। घरायसी व्यवहारबाट टाढै बस्नु

**कन्या** रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ। रोकिएका

**तुला** आफन्तसँग मनमुटाव बढ्ला। आफूलाई कमजोर भएको अनुभूति हुनेछ।

**वृश्चिक** हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ। सम्पत्ति लाभ गर्न अनुकूल प्रयास

**धनु** आज परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ। चिताएको कामले तीव्रता लिनेछ

**मकर** आज लाभदायी यात्रा गर्ने अवसर प्राप्त हुनेछ। परिवारजनको साथले नयाँ आशा

**कुम्भ** आज दैनिक काम बिचमै रोक्नु पर्दा आर्थिक भार पर्न सक्छ। व्यापार

**मिन** आज शुभकार्यको चर्चा चल्नेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन्।